राष्ट्रिय बीमा कम्पनी लिमिटेड
RASTRIYA BEEMA COMPANY LIMITED

(नेपाल सरकारको स्वामित्व प्राप्त)

प्रधान कार्यालय रामशाहपथ, काठमाडौं

E-mail: info@rbcl.com.np, Website: www.rbcl.com.np

फोन नं : ०१-४२५८८६६

फ्याक्स : ०१-४२५८७२१

पोष्ट बक्स नं. : २३८३७

च.नं./Ref: २०८०/८१/३०

मिति: २०८१।०१।१२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

भद्रकाली, काठमाडौं ।

विषय : जानकारी गराइएको बारे ।

श्री नेपाल बैंक लिमिटेडको प.सं.: नेबैलि।सिईओ/८७/१३,मिति २०८१।०१।०६ को पत्रानुसार श्री प्रकाश कुमार अधिकारीज्यूलाई राष्ट्रिय बीमा कम्पनी लिमिटेडको सञ्चालक समितिमा नेपाल बैंक लिमिटेडको प्रतिनिधित्व हुने व्यवस्था भए बमोजिम अर्को व्यवस्था नभएसम्मका लागि समितिको सञ्चालक सदस्य रहने गरि मिति २०८१/०१/११ मा कम्पनीको सञ्चालक समितिका अध्यक्षज्यूबाट पद तथा गोपनियताको सपथ ग्रहण गर्दै कम्पनीको सञ्चालक समितिको सदयको रुपमा पद बहाली गर्नु भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध छ ।

....

डा. सृजना पन्त

कम्पनी सचिव

संलग्न

स्वयम् घोषणाको छाँयाप्रति ।

नेपाल बैंक लिमिटेडको मनोनयन पत्रको छाँयाप्रति ।

सपथ ग्रहणको छाँयाप्रति ।

अनुसूची १

(बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका २०७५ को दफा ३ को उपदफा ४ संग सम्बन्धित)

<u>सपथ</u>

मिति: २०८१।०१।११

म **प्रकाश कुमार अधिकारी** सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु र इश्वरको नाममा सपथ लिन्छु कि बीमा ऐन, २०७९, बीमा नियमावली, २०४९ र नेपाल बीमा प्राधिकरणले समय समयमा जारी गरेका निर्देशन तथा पदको अन्य जिम्मेवारी र कर्तव्य कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, राग, द्वेष वा लोभ लालचमा नपरी इमान्दारीका साथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको शिलशिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा वाहेक आफू बहाल रहेको वा नरहेको कुनैपनि अवस्थामा प्रकट गर्नेछैन ।

प्रकाश कुमार अधिकारी
सञ्चालक
राष्ट्रिय बीमा कम्पनी लिमिटेड

दिनेश उपाध्याय
अध्यक्ष
राष्ट्रिय बीमा कम्पनी लिमिटेड

अनुसूची-२

(दफा ५ सँग सम्वन्धित)

स्वय् घोषणा फारम

मिति :२०८१/०१/११

श्री सञ्चालक समिति,
राष्ट्रिय बीमा कम्पनी लिमिटेड,
रामशाहपथ, काठमाडौं ।

विषयः- स्वयम् घोषणा गरी जानकारी गराएको बारे ।

उपरोक्त सम्वन्धमा म **प्रकाश कुमार अधिकारी**ले यस बीमकको सञ्चालकको पदमा मिति २०८०/ / बाट बहाली गरेकोले बीमकको संस्थागत सुशासन सम्वन्धि निर्देशिका, २०८० को दफा .... बमोजिंम देहायका विषयमा स्वघोषणा गरी जानकारी गराएको छु ।

(क) यस बीमकसँग म तथा मेरो एकाघर परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको छैन ।

(ख) म र मेरो एकाघर परिवारले यस बीमकको .... संख्या शेयर, तथा .... संख्या डिवेन्चर लिएका छौं । सो बाहेक बिमकको अन्य कुनै शेयर वा डिवेन्चर लिएको छेन ।

(ग) म यो बाहेक अन्य कुनै बिमकको ....रुपमा कार्यरत छैन ।

(घ) म बाहेक मेरो एकाघर परिवारका .... नाता लाग्ने व्यक्ति ....ले समेत यस बिमकको कर्मचारीको हैसियतले कार्य गरिरहेको वा गरेको छ । वा म बाहेक मेरो एकाघर परिवारको कसैले यस बिमकको कर्मचारीको हैसियतले कार्य गरिरहेको वा गरेको छैन ।

(ङ) म यस निर्देशिकाले प्रतिवन्ध लगाएका कुनै पनि कार्य गर्ने छैन ।

(च) म यस पदमा रहुन्जेल बीमा ऐन, २०७९, बीमा नियमावली, २०७९ तथा यस निर्देशिकाको पालना गर्न बिमकलाई हर तरहले सहयोग पुऱ्याउनेछु ।

(छ) माथि घोषणा गरी पेश गरिएका सबै विवरणहरु ठीक साँचो हो, झुठा ठहरिए सहुँला बुझाउँला ।

सञ्चालको दस्तखतः [signature]

नाम थरः प्रकाश कुमार अधिकारी

बाबुको नामः ...यादव प्रसाद अधिकारी

बाजे वा पतिको नामः......रत्नेश्वर अधिकारी

ठेगानाः.......धौराही उप म.न.पा - ६ दाङ

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
धर्मपथ, काठमाडौं

प.सं.- नेबैलि/सिईओ/८१/१३

मिति: २०८१/०१/०६

प्रमुख कार्यकारी अधिकृतको कार्यालय

राष्ट्रिय बीमा क
दर्ता नं.: २२४६
मिति: २०८१-१-८

श्री प्रकाश कुमार अधिकारी (११८३६),
सहायक प्रमुख कार्यकारी अधिकृत,
नेपाल बैंक लिमिटेड,
प्रमुख कार्यकारी अधिकृतको कार्यालय।

विषय : सञ्चालक समितिमा मनोनयन गरिएको सम्बन्धमा।

महाशय,

मिति २०८१/०१/०६ को निर्णय अनुसार तपाईंलाई राष्ट्रिय बीमा कम्पनी लिमिटेडको सञ्चालक समितिमा यस बैंकको तर्फबाट प्रतिनिधित्व गर्न मनोनयन गरिएको हुँदा उक्त कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्वका लागि अनुरोध छ।

भवदीय,

(तिलक राज पाण्डेय)
प्रमुख कार्यकारी अधिकृत

बोधार्थ:

१. श्री राष्ट्रिय बीमा कम्पनी लिमिटेड,
रामशाहपथ, काठमाडौं।

२. श्री विश्वराज कक्षपति (११८३८),
सहायक प्रमुख कार्यकारी अधिकृत,
नेपाल बैंक लिमिटेड,
प्रमुख कार्यकारी अधिकृतको कार्यालय।